ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल
भ्रष्टाचार विरूद्धको सहकार्य

घर नं.: ५७/६२, छकुबकु मार्ग, नयाँबानेश्वर, काठमाडौं, नेपाल
पोष्ट बक्स नं.: ११४८६
फोन: ००९७७-१-४५७५२६२, ४५७५०६२, फ्याक्स: ००९७७-१-४५७५११२
इमेल: trans@tinepal.org, वेभसाइट: www.tinepal.org, tinepal
जि.प्र.का. काठमाडौं दर्ता नं.८७/०५३/०५४, समाज कल्याण परिषद् आ.नं.१४०११

# प्रेस विज्ञप्ति

काठमाडौं, २०८१ माघ २९ (फेब्रुअरी ११, २०२५)। ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) द्वारा Corruption Perceptions Index (CPI) 2024 (भ्रष्टाचार अवधारणा सूचकाङ्क-२०२४) सार्वजनिक गरिएको छ। १८० देश सम्मिलित यस सूचकाङ्कमा डेनमार्क विगत ७ वर्षदेखि लगातार ९० अङ्क प्राप्त गरी विश्वको सबैभन्दा कम भ्रष्टाचार हुने मुलुकको रुपमा रहेको छ । साउथ सुडान ८ अङ्क प्राप्त गरी यस वर्ष सबैभन्दा बढी भ्रष्टाचार हुने मुलुकको रुपमा अंकित भएको छ । सूचकाङ्कमा १०० अङ्कले अति स्वच्छ र ० अङ्कले अति भ्रष्ट जनाउँदछ। विगत ५ वर्षमा ७ वटा मुलुकहरुले भ्रष्टाचार अवधारणा सूचकाङ्कमा उल्लेख्य प्रगति हासिल गरेका छन् । सन् २०२४ मा विश्वका दुई तिहाइ देशहरुले १०० मा ५० भन्दा कम अंक प्राप्त गरेका छन् । सर्वेक्षण गरिएका १८० मुलुकको औसत अंक यस वर्ष पनि ४३ नै कायम रहेको छ । कम अंक प्राप्त गर्नेमा कमजोर र द्वन्द्व प्रभावित मुलुकहरु रहेका छन् । विश्वव्यापी चासोको विषय रहेको जलवायु परिवर्तन सम्बन्धी अन्तर्राष्ट्रिय स्तरमा सक्रिय रहेका मुलुकहरुले समेत भ्रष्टाचार अवधारणा सूचकाङ्क सर्वेक्षणमा कम अंक प्राप्त गरेको देखिएको छ ।

भ्रष्टाचार अवधारणा सूचकाङ्क-२०२४ मा नेपालले १०० मा ३४ अंक प्राप्त गरेको छ, जुन गत वर्ष ३५ रहेको थियो। यस नतिजाले भ्रष्टाचार विरुद्व प्रभावकारी रुपले काम-कारबाही अगाडि बढाउन अत्यन्त जरुरी भएको औंल्याउँदछ । दक्षिण एशियाली राष्ट्रहरूमध्ये भुटानले ७२ अङ्क, भारतले ३८ अङ्क, मालदिभ्सले ३८ अङ्क, नेपालले ३४ अङ्क, श्रीलङ्काले ३२ अङ्क, पाकिस्तानले २७ अङ्क, बङ्गलादेशले २३ अङ्क र अफगानिस्तानले १७ अङ्क प्राप्त गरेका छन्। छिमेकी मुलुक चीनले ४३ अङ्क प्राप्त गरेको छ।

**सीपीआईमा नेपाल: २०१५ देखि २०२४ सम्म (१० वर्ष)**

| वर्ष (सन्) | २०२४ | २०२३ | २०२२ | २०२१ | २०२० | २०१९ | २०१८ | २०१७ | २०१६ | २०१५ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| स्कोर<br>कूल अङ्क १०० | ३४ | ३५ | ३४ | ३३ | ३३ | ३४ | ३१ | ३१ | २९ | २७ |
| स्थान/कुल देश | १०७/१८० | १०८/१८० | ११०/१८० | ११७/१८० | ११७/१८० | ११३/१८० | १२४/१८० | १२२/१८० | १३१/१७६ | १३०/१६८ |

ट्रान्सपरेन्सी इन्टरनेशनलले विभिन्न देशको भ्रष्टाचार अवधारणा सूचकाङ्क तयार गर्दा १३ वटासम्म अन्तर्राष्ट्रिय सर्वेक्षणका तथ्याङ्कलाई आधार मान्ने गरेको छ । नेपालको सूचकाङ्क निम्नलिखित ६ वटा संस्थाद्वारा विभिन्न क्षेत्र समेटेर गरिएको सर्वेक्षणको आधारमा तयार गरिएको छ ।

- विश्व बैङ्कले सरकारले गरेका निर्णय, स्रोतसाधनको प्रयोग लगायतका काम-कारबाही एवं कर्मचारीहरुबाट भएका कार्यहरुको जवाफदेहिता, नागरिक समाजलाई राज्यको सूचनामा पहुँच र निहित स्वार्थ भएका सीमित व्यक्तिहरुको राज्य सञ्चालनमा पकड विषयमा सर्वेक्षण गरेको छ।
- वर्ल्ड इकोनोमिक फोरमले आयात निर्यात, सार्वजनिक सेवा, कर भुक्तानी, ठेक्का-पट्टा र न्यायिक निर्णयमा भ्रष्टाचारको विषयमा सर्भेक्षण गरेको छ।
- ग्लोबल इनसाइटले व्यापार, व्यवसाय, ठेक्का-पट्टा, आयात निर्यात र दैनिक काममा घूस र भ्रष्टाचारको जोखिम विषयमा सर्वेक्षण गरेको छ।
- बर्टेल्सम्यान फाउन्डेशनले पदको दुरुपयोगमा सार्वजनिक पदाधिकारीमाथि कुन हदसम्म कारबाही हुन्छ र भ्रष्टाचार नियन्त्रणमा सरकारको सफलताको अवस्थाको सर्वेक्षण गरेको छ।
- वर्ल्ड जस्टिस प्रोजेक्टले सरकार, न्यायालय, संसद् र सुरक्षा निकायका प्रतिनिधिहरूद्वारा निजी स्वार्थका लागि सार्वजनिक पदको दुरुपयोगको अवस्थाको सर्वेक्षण गरेको छ।
- भेराइटिज अफ डेमोक्रेसी प्रोजेक्ट (भीडीईएम) ले राजनीतिक भ्रष्टाचार अन्तर्गत सरकार, संसद, न्यायपालिका र सार्वजनिक क्षेत्रमा हुने भ्रष्टाचारको सर्वेक्षण गरेको छ।

ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल
भ्रष्टाचार विरूद्धको सहकार्य

घर नं.: ५७/६२, छकुबकु मार्ग, नयाँबानेश्वर, काठमाडौं, नेपाल
पोष्ट बक्स नं.: ११४८६
फोनः ००९७७-१-४५७५२६२, ४५७५०६२, फ्याक्सः ००९७७-१-४५७५११२
इमेलः trans@tinepal.org, वेभसाइटः www. tinepal.org, tinepal
जि.प्र.का. काठमाडौं दर्ता नं.८७/०५३/०५४, समाज कल्याण परिषद् आ.नं.१४०११

नेपालको सूचकाङ्कको लागि प्रयोग भएका तथ्याङ्क र सम्बन्धित संस्था निम्नानुसार छन् ।

| सीपीआई | विश्व बैङ्क | वर्ल्ड इकोनोमिक फोरम | ग्लोबल इनसाइट | बर्टेल्सस्यान फाउन्डेशन | वर्ल्ड जस्टिस प्रोजेक्ट | भी-डीईएम | सीपीआई स्कोर |
|---|---|---|---|---|---|---|---|
| २०२४ | ३९ | ३० | ३२ | ३४ | ३२ | ३४ | ३४ |
| २०२३ | ३५ | ३८ | ३५ | ३३ | ३१ | ३५ | ३५ |
| २०२२ | ३५ | ३८ | ३५ | ३३ | ३० | ३० | ३४ |
| २०२१ | ३५ | ३४ | ३५ | ३३ | ३२ | ३० | ३३ |
| २०२० | ३५ | ४० | ३५ | २९ | ३२ | २९ | ३३ |
| २०१९ | ३५ | ४० | ३५ | २९ | ३५ | २९ | ३४ |
| २०१८ | ३५ | ३३ | ३५ | २५ | ३२ | २५ | ३१ |
| २०१७ | ३५ | ३४ | ३५ | २५ | ३२ | २५ | ३१ |
| २०१६ | ३५ | २६ | ३४ | २४ | ३१ | २१ | २९ |
| २०१५ | ३५ | ३३ | २२ | २३ | २४ | - | २७ |
| २०१४ | ३५ | ३१ | २२ | २८ | ३१ | - | २९ |
| २०१३ | ३५ | २८ | ३२ | २८ | ३२ | - | ३१ |
| २०१२ | ३५ | २७ | २२ | २३ | ३१ | - | २७ |

यस वर्ष विश्व बैकको सर्वेक्षणमा केही सुधार देखिए तापनि वर्ल्ड इकोनोमिक फोरम र ग्लोबल इनसाइटको सर्वेक्षणका तथ्याङ्कले मूलतः निर्यात, सेवा, कर, ठेक्का व्यवसाय, आयात जस्ता सरकार र व्यावसायिक क्षेत्र सम्बन्धित कार्यका साथै न्यायिक निर्णयमा भ्रष्टाचार बढेको देखिन्छ ।

गणतान्त्रिक नेपालको संविधान २०७२ सालदेखि लागू भई तीन तहको सरकार सञ्चालन भएको पनि करिब आठ वर्ष भैसक्दा समेत नेपालमा भ्रष्टाचार कम गर्नेतर्फ सफलता हासिल भएको देखिंदैन । यस स्थितिमा सुधार ल्याउन अत्यावश्यक भैसकेको छ, जसका लागि राजनीतिक क्षेत्रको सदाचार प्रतिको प्रतिवद्धतामा अभिवृद्धि, सरकारी क्षेत्रमा हुने घुसखोरी र भ्रष्टाचारमाथि निष्पक्ष कारबाही, स्वच्छ न्यायिक प्रक्रियाको सुनिश्चितता र व्यावसायिक क्षेत्रसँग सम्बन्धित भ्रष्टाचार नियन्त्रणमा प्रभावकारी कदम चाल्न जरुरी देखिन्छ ।

Corruption Perceptions Index 2024 सम्बन्धमा Transparency International बाट आज जारी प्रेस विज्ञप्ति र थप जानकारी www.transparency.org/cpi मा र टीआई नेपालको प्रेस विज्ञप्ति www.tinepal.org मा उपलब्ध छ।

मदन कृष्ण शर्मा
अध्यक्ष
ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल